# आ.व. २०७८/०७९ का लागि बुद्धभूमि नगरपालिकाको नीति तथा कार्यक्रम

**नगर उपप्रमुख ज्यू**

**नगर सभाका सदस्य ज्यूहरू,**

१. विश्व नै कोभिड-१९ (कोरोना भाइरस) महामारीको दोस्रो लहरको चपेटामा परिरहेको तथा सम्भावित तेस्रो लहरको प्रभावहरू पनि आउने भन्ने चुनौतिपूर्ण र असहज अवस्थाका बाबजुद आज यस बुद्धभूमि नगरपालिकाको स्थानीय सरकारको हैसियतबाट यस गरिमामय नवौं नगरसभा बैठक समक्ष आर्थिक वर्ष २०७८/०७९ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवको अनुभूति गरेको छु ।

२. नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सर्म्पूण ज्ञात, अज्ञात शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. कोभिड-१९ दोस्रो लहरले र त्यसको दुष्प्रभावले महामारीका कारण मानव जातिमाथि शताब्दीकै सबैभन्दा ठूलो संकट पैदा भएको छ । यस महामारी विरूद्ध लड्न मौजुदा स्वास्थ्य सेवा र सुविधाहरू अपर्याप्त देखिएको छ । यस महामारीबाट हजारौ नेपालीहरूको ज्यान गइसकेको छ, लाखौं संङक्रमित छन् । यस महामारीबाट संङक्रमित भई जीवन गुमाउनुहुने नागरिकहरूका शोकाकुल परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछु । उपचाररत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । कोभिडको दुष्प्रभावले हाल सम्म बुद्धभूमिबासी ३२ जनाले ज्यान गुमाउनु भएको छ । उहाहरू प्रति शोक व्यक्त गर्दछौ ।

४. जोखिमपूर्ण परिस्थितमा अग्रपंङक्तिमा रहेर सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक लगायत सम्पूर्ण राष्ट्रसेवकको म उच्च प्रशंसा गर्दछु । वस्तुगत सहायता उपलब्ध गराउनु हुने सबै व्यक्ति तथा संघ, संस्थालाई धन्यवाद दिन चाहान्छु ।

५. महामारी रोकथाम, नियन्त्रण र व्यवस्थापन कार्यमा योगदान पुर्‍याउनु हुने जनप्रतिनिधि, राजनीतिक दल, निजी तथा व्यवसायिक क्षेत्र, सञ्चार जगत र प्रकोप व्यवस्थापन कोषमा वस्तुगत सहयोग उपलब्ध गराउने सबैलाई धन्यवाद दिन चाहान्छु ।

६. नेपालको संविधानले दिएको अधिकार भित्र रही बुद्धभूमि नगरपालिकालाई स्थानीय सरकारको रूपमा क्रियाशिल बनाउँदै आर्थिक, सामाजिक विकास, सार्वजनिक सेवा प्रवाह, भ्रष्टाचार, अनियमिता नियन्त्रण र सुशासन प्रवर्द्धनको उच्च प्राथामिकता र संविधानको भावना अनुरूप स्थानीय तहका ऐन, नियम, विनियम, कार्यबिधि निर्माण गर्ने र नगरको आर्थिक समृद्धिलाई उच्च प्राथमिकतामा राखी विकास र सुशासनका कार्यक्रमहरूको सुप्रबन्ध गरिनेछ ।

७. हाम्रा अगाडि तत्काल नगरी नहुने कामहरू धेरै छन् । ती सबैलाई आवश्यकता, औचित्यता प्राथमिकीकरण र हाम्रो सार्मथ्य बीच सन्तुलन गरी पुरा गर्दै जानु छ । हाम्रा सामु अल्पकालिन, मध्यकालिन र दीर्घकालिन अभिभाराहरू छन् । यी र यस्ता विषयहरूलाई सिलसिलेवार सम्बोधन गर्न तथा प्राथमिकता निर्धारण गर्न आवधिक योजना तर्जुमा यसै आर्थिक वर्षमा तयारी गरी कार्यान्वयनमा ल्याउने छ ।

८. आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम निर्माणको क्रममा नेपालको संविधानमा भएको व्यवस्थाहरू तथा संविधानको अनुसूची ८ र ९ अनुसारका एकल अधिकार र साझा अधिकारका सूचीहरूमा भएका व्यवस्थाहरू, पन्ध्रौ योजना, दिगो विकासका लक्ष्यहरू, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शन, संघीय मन्त्रालयहरूबाट समय समयमा जारी भएका मार्गदर्शनका साथै स्थानीय तहसँग सम्बन्धित कानूनहरूको दिशा

निर्देशनलाई मध्यनजर गर्दै विषम अवस्था राजनीतिक संयन्त्रबाट प्राप्त भएका अनौपचारिक रूपमा प्राप्त सुझावहरू, समितिहरूबाट प्राप्त सुझावहरू, वस्ती/टोल तथा वडा भेलाहरूबाट प्राप्त भएका सुझावहरू र सार्वजनिक अपिलबाट प्राप्त सुझावहरू समेतलाई मध्यनजर गर्दै नगरवासीहरूले समय समयमा दिनुभएको राय सुझावहरू समेटी यो नीति कार्यक्रम बजेट निर्माणका लागि आधारशिलाको रूपमा लिएको छु ।

९. गर्नुपर्ने कामको फेरिस्त लामो छ हाम्रो पदावधि घटदै छ तथापि हाम्रो स्रोत, साधन र सार्मथ्यले जे भ्याउछ सो कार्यहरू प्राथमिकीकरण गरि गर्ने हाम्रो दायित्व हो । COVID 19 को विषम परिस्थितिमा हाम्रो स्वास्थ्य प्रणालीमा आमूल परिवर्तन, वैदेशिक रोजगारीबाट फर्किएका दाजुभाईहरूलाई प्रत्यक्ष रूपमा सम्बोधन गर्न कार्यक्रम निर्माण, सडक सञ्जालहरूको स्तरोन्नति र राज्यको नजरमा कम प्राथमिकता परेका विषयहरू उत्पादनमा आधारित अनुदान, एकल महिला, ज्येष्ठ नागरिकको आत्मसम्मान, विपद् तयारी तथा प्रतिकार्य, छात्रा छात्रवृत्ति, स्वास्थ्य पूर्वाधार निर्माण मर्मत तथा प्रविधिमैत्री बनाउनुका अलावा वडा कार्यालयबाट प्रवाह हुने सेवालाई जनमैत्री/ प्रविधिमैत्री बनाउने जस्ता विषयहरूलाई यथोचित सम्बोधन गर्ने प्रयत्न स्वरूप समेटने प्रयास गरिएको छ ।

**प्रस्तुत नीति, कार्यक्रम तथा बजेटका उद्देश्यहरूः**

- गुणस्तरीय आर्थिक, सामाजिक, भौतिक पूर्वाधारहरूको निर्माणद्वारा समृद्ध बुद्धभूमि र बुद्धभूमि वासी रहने छ ।
- उत्पादकत्व अभिवृद्धि र सोका लागि प्रेरणा,
- विपदको सम्बोधन र स्वास्थ्य क्षेत्रको सुधार
- एकल महिला, जेष्ठ नागरिक, सुत्केरी पोषण
- अधुरा र आ.ब. २०७८/०७९ को विषमताको कारणले बाँकी रहेका योजनाहरू पुरा गर्ने ।
- सुशासन अभिवृद्धि र स्थानीय सरकारको गाह्यता र स्वीकार्यतामा बढोतरी,

**प्रस्तुत नीति, कार्यक्रम तथा बजेटका प्राथामिकताहरूः**

- अधुरा योजनाहरू पुरा गर्न उच्चतम जोड,
- सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारहरू निमार्ण सँगै गुणस्तरीयता वृद्धि,
- कृषि/पशु विकासको आधुनिकीकरण, व्यवसायिकरण र बजारीकरण
- विपद सम्बोधन र स्वास्थ्य क्षेत्र, वडा कार्यालयको सेवा प्रवाह जनमैत्री , प्रविधिमैत्री बनाउने ।
- आत्मनिभर र उद्यमशील जनशक्ति निमार्ण,
- सेवा प्रवाहको गुणस्तरीयता र गार्ह्यता अभिवृद्धि
- शान्त, सुखी र समृद्ध नगर र नगरबासी,

## आ.व. २०७८/०७९ को नीतिगत स्थितिको संक्षिप्त समिक्षा

- अत्यावश्यक कानूनहरूको तर्जुमा भएको ।
- कार्यविधिहरूको निर्माणले कार्य सरलीकरण भएको ।
- नगरस्तरीय साना, मझौला योजनाहरूको आशिक सम्बोधन भएको ।
- Covid-19 को अवस्थामा पनि पूर्वाधारजन्य / सामाजिक / आर्थिक क्षेत्रका कार्यक्रमहरू सन्तोषजनक रूपमा सञ्चालनमा रहेका,
- विषम अवस्थाका बाबजुद पनि आन्तरिक राजस्व लक्ष्य नजिक प्राप्त भएको ।
- नेतृत्वको सुझबुझ, कर्मचारीको हार्दिकताले नीति कार्यक्रम कार्यान्वयन सन्तोषजनक भएको समिक्षा रहेको

- आकस्मिक विपद्लाई जनप्रतिनिधिको सक्रियताले सहज रूपमा व्यवस्थापन गरी सन्तोषजनक प्रतिक्रिया प्राप्त भएको ।
- प्रशासनिक रूपमा पनि नीतिगत, कार्यक्रमिक सन्तुलन र ल्याउन सम्भव भएको ।
- सामाजिक क्षेत्रका योजनाहरू आंशिक रूपमा स्थगन गर्नु परेको ।
- कार्यविधि मापदण्ड निर्माण अपेक्षित रूपमा भएको ।
- नगरपालिका र वडाको गतिमा उचित संयोजन गर्न अझै पनि पूर्णरूपमा गर्न नसकिएको ।
- वढदो सञ्चालनगत खर्चले असहज बनाएको ।
- सुशासन र सेवाप्रवाहमा अब्बल हुन नसकिएको ।
- स्व.मूल्याकनबाट मध्यमस्तर कायम रहेको देखिन आएको ।
- अत्यावश्यक पूर्वाधारहरू जग्गा प्राप्ति लगायतका कारणले पुरा गर्न नसिकएको, जनसन्तुष्टिस्तर मापन गर्न जरूरी देखिएको ।
- जनताको सन्तुष्टि स्तरमा व्यापक सुधार गर्न नसिकएको, तथापि निरासा हुनुपर्ने अवस्था नरहेको, पूर्वाधारजन्य संरचना निर्माणमा अपेक्षित गति रहेको,
- संघीय /प्रादेशिक राज्य संरचनाहरूबाट सोचे अनुरूप सहयोग, साथ, सर्मथन प्राप्त नहुँदा संस्थागत/ पूर्वाधारजन्य गुणात्मक फड्को मार्न नसिकएको ।

**नगरसभा सदस्यज्यूहरूः**

अब म क्षेत्रगत रूपमा आगामी आ.व. २०७८/०७९ का नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## भौतिक पूर्वाधार विकास क्षेत्रः

### "भौतिक पूर्वाधार-समृद्धिको आधार"

१. **योजनाहरूको दिगोपना:** नगरपालिका क्षेत्रभित्र निर्माणधिन भौतिक योजनाहरू दिगो, व्यवस्थित र दीर्घकालीन एवं वातावरण मैत्री विकासका लागि नगरस्तरीय आवधिक योजना निर्माण गरी पूर्वाधार निर्माणका कार्यलाई गुणस्तरीय र दिगो रूपमा लगिनेछ ।

२. **रणनीतिक सडक तथा चक्रपथको बाँकी खण्डको निरन्तरताः** यस नगरपालिको मुख्य सडक मध्येको **टिक्कर-बुडढी-विजगौरी हुलाकी सडक २ लेनमा विस्तारको लागि बजेटको सुनिश्चिता भएकोले यसै आ.ब. मा निर्माण कार्य गरिनेछ** । **नगर चक्रपथको बाँकी कामलाई निरन्तरता दिइनेछ** र क्रमागत अधुरा सडक योजनाहरूलाई प्राथमिकता राखी कार्यान्वयन गरिनेछ । नगर चक्रपथमा पर्ने **ठूला पक्की पुलको लागि** सहलगानी कार्यक्रममा **प्रस्तावित गरिएको हुँदा उक्त पुलको DPR गरिनेछ ।**

३. **घर नक्सा पास तथा अभिलेखीकरणः** घर नक्सा पासलाई वडाको केन्द्र आसपास चारकिल्ला तोकी तथा बजार क्षेत्रलाई अनिवार्य गर्ने र क्रमशः गाउँ घरको समेत घरनक्सा पासलाई समेत अनिवार्य गरिनेछ । नक्सा पास तथा अभिलेखीकरण सबै खालका सडकको चौडाई तथा Right of way यकिन गरी सार्वजनिक गरिनेछ । अभिलेखीकरणलाई शर्त सहित र अवधि तोकिने छ ।

४. **लागत साझेदारी:** नगरको लगानीलाई कम तथा जनताको अपनत्व र उत्साहलाई कायम र बढोतरी गर्न ५०:५०, ६०:४०, ७०:३० का कार्यक्रमहरूका लागि नीति कार्यक्रममा समावेश गर्ने र १५ दिने सूचना आह्वान गरी प्रस्ताव माग गरी उत्कृष्ट प्रस्ताव छनौट गरी कार्यक्रम सञ्चालन गरिनेछ।

५. **सिचाई प्रणालीको सुधार विस्तार:** बुद्धभूमि नगरपालिकालाई कृषिमा आत्मनिर्भर र खाद्यान्नको निकासी मार्फत आयस्तरमा सुधार गर्ने प्रमुख अभिष्टका साथ सिंचाई प्रणालीको सुधार, विस्तार र सुदृढीकरणको लागि बजेट व्यवस्था गरिएको छ। साथै सिचाईमा नवीकरणीय उर्जा प्रणालीको उपयोग गरिनेछ।

६. **मर्मत सम्भार कोष:** चालु आ.व. मा सञ्चालित तथा अघिल्ला आ.व. हरूमा सञ्चालित योजनाहरूको मर्मत, सम्भार, व्यवस्थापनका लागि पारित कार्यविधि अनुरूप कोष सञ्चालन गरिने छ। साथै चालु आ.व. मा सञ्चालित योजनाहरूबाट ०.५% रकम कट्टा गरी उक्त कोषमा राखिने छ र साउनदेखि कार्तिक सम्म प्राकृतिक प्रकोपका कारणले बिग्रे/भत्केका संरचनाको मर्मत गरिनेछ।

७. **योजनाको खण्डीकरण रोक्ने सम्बन्धमा:** कुल पूँजीगत बजेटमा ५ लाख भन्दा कम लागतका योजनाले ओगटेको हिस्सा ५० देखि ३०% रहेकोमा त्यस्ता योजनाको संख्या ३०% भन्दा कममा सिमित गरिनेछ।

८. **उपभोक्ता समितिमार्फत सञ्चालन हुने योजना सरलीकरण सम्बन्धमा:** उपभोक्ता समिति मार्फत सञ्चालन हुने ७ लाख सम्मको निमार्णको हकमा ready-mix प्रयोग गर्न वाध्य नबनाउने तर ७ लाख भन्दा बढीको हकमा ready-mix प्रयोग गर्ने गराउने व्यवस्थाको निरन्तरता रहने छ।

९. **स-साना प्रकृतिका योजनाको सम्झौता सम्बन्धमा:** २ लाख सम्मको योजनाहरु सम्झौता वडा कार्यालयवाट गर्ने/गराउने व्यवस्था मिलाउनका साथै अधुरा योजनाहरू पुरा गर्न उच्च प्राथमिकता दिइनेछ। यसरी योजना सञ्चालन गर्दा अपनत्वको श्रृजना, क्षमता विकास र प्रभावकारिता रहेनछ भन्ने अपेक्षा गर्दछु। उक्त कार्यलाई थप सरलीकृत गरिनेछ।

१०. **योजना सञ्चालन सम्बन्धमा:** २५ लाख भन्दा माथिका सकभर सबै खालका योजनाहरूको E-Bid गरिनेछ। आवश्यकता औचित्यताको आधारमा सो भन्दा कमका योजनाहरू पनि E-Bid गराउने प्रत्यन्न रहने छ। सडक पिच गर्ने, सरकारी भवन निर्माण गर्ने, सामाग्री खरिद गर्ने प्रकृतिका योजनाहरू उपभोक्ता समितिबाट नगराउने प्रबन्ध अनिवार्य रूपमा लागू गर्ने नीतिको निरन्तरता रहनेछ।

११. **आ.व. २०७७/७८ बाट सरी आएका र ठुला योजना सम्बन्धमा:** वित्तीय समानीयकरण, राजश्व बाँडफाँड, आन्तरिक आम्दानी, अल्या लगायतका शीर्षकमा रहेका साथै ठेक्का प्रक्रियामा गई सम्झौता भईसकेका आयोजना पुरा गर्न स्रोत सहित आ.व. २०७८/०७९ मा तीन महिना अवधि थप गरि उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिने छ। साथै अधुरा योजना पुरा गर्न जोड दिइनेछ।

१२. **योजना सम्पन्न गर्ने समय सारणी सम्बन्धमा:** समयमै योजना सम्पन्न गर्न तथा गुणस्तरीयता अभिवृद्धि गर्न देहाय बमोजिमको समय सारणी पालना गर्न व्यवस्था मिलाइने छ।

**क) उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाका लागि**

| क्र सं | योजना तथा कार्यक्रम | समयावधि |
|---|---|---|
| १ | उपभोक्ता समिति गठन | भदौ देखि कार्तिक मसान्त सम्म |
| २ | योजनाहरुको लागत इस्टिमेट | श्रावण देखि मंसिर मसान्त सम्म |
| ३ | उपभोक्ता समितिसँग योजना सम्झौता | अश्विन देखि माघ मसान्त सम्म |
| ४ | योजना कार्यान्वयन प्रक्रिया | भदौ देखि वैशाख मसान्त सम्म |
| ५ | अनुगमन | कामको चरणमा |

| | | |
|---|---|---|
| ६ | प्राविधिक मूल्याङ्कंन | योजना सम्पन्न भएको ५ दिन भित्र पेश गर्ने |
| ७ | योजना फरफारक गर्ने | बैशाख मसान्त सम्म |
| ८ | योजना तथा कार्यक्रमको अन्तिम भुक्तानी | सम्पूर्ण कागजात/प्राविधिक मूल्याङ्कंन प्राप्त भएको ३ दिन भित्र |

**ख) प्रतिस्पार्धाको माध्यमद्वारा ठेक्का मार्फत सञ्चालन हुने योजनाको हकमाः** ठेक्का मार्फत सञ्चालन हुने योजनाको गुणस्तरीयता, ग्रार्हयता र स्वीकार्यताका लागि देहाय बमोजिमको समय सारणी पालना गरिइनेछ।

| क्र सं | योजना तथा कार्यक्रम | समयावधि |
|---|---|---|
| १ | योजनाहरुको लागत इस्टिमेट | श्रावण देखि कार्तिक मसान्त सम्म |
| २ | टेन्डर डकुमेन्ट | कार्तिक मसान्त |
| ३ | ठेक्का सूचना निकाल्ने | मंसिर १५ गते सम्म |
| ४ | प्राविधिक मूल्याङ्कंन | योजना सम्पन्न भएको ५ दिन भित्र पेश गर्ने |
| ५ | योजना फरफारक गर्ने | असार १५ सम्म |

टेण्डरका कारणले बचत हुन आएमा औचित्यता र आवश्यकता भए पुनः टेण्डर गरिनेछ।

१३. **स्वास्थ्य चौकी निर्माणमा प्राथामिकताः** जीर्ण स्वास्थ्य चौकी निर्माणलाई उच्च प्राथामिकता दिइनेछ। निर्माण तथा मर्मतका लागि जि.स.स./प्रदेश/संघ सँग समन्वय पहल गरिनेछ। **मानपुर स्वास्थ्य चौकी निर्माण यसै आर्थिक वर्षमा गरिनेछ।**

१४. **प्रोत्साहन योजना सम्बन्धमाः** वडाभित्रको योजनाहरू चैत मसान्त भित्र सम्पन्न गर्ने वडाहरूलाई थप प्रोत्साहन गर्न प्रोत्साहन स्वरूप १० लाख सम्मको योजना दिइनेछ। सोका लागि बजेट व्यवस्था गरिनेछ।

१५. **सार्वजनिक निजी साझेदारीमा योजना सञ्चालनः** सार्वजनिक निजी साझेदारी कानून अघिल्लो नगरसभाबाट पारित भैसकेकोले आवश्यक नियमावली, कार्यविधि समेत तर्जुमा गरी गैसस वा साझेदार संस्थासँगको सहकार्यमा १ मेगावाट सोलर प्लान स्थापनाको लागि पहल गरिनेछ।

१६. **वडा कार्यालहरू निर्माण तथा पूर्ननिर्माणः** स्रोतको व्यवस्थापन गरी आधुनिक र सुविधा सम्पन्न वडा कार्यालय निर्माण गर्न शुरूवात गरिनेछ र तारबेरा लगायतका मर्मत कार्यहरू आवश्यकता अनुसार गरिनेछ।

१७. **सुरक्षित आवास:** खरको छानामुक्त अभियानलाई सार्थक रूपमा पुरा गर्न संघ/प्रदेश सँग समन्वय गरिनेछ। खरको छाना मुक्त अभियानलाई निरन्तरता दिइनेछ।

१८. **सडक पुल तथा कल्भर्ट निर्माण तथा सडक गुरूयोजनाः** नगरस्तरीय सडक खण्डमा पर्ने तथा अन्य रणनीतिक सडकहरूमा पर्ने पुल/कल्भर्ट निर्माणका लागि संघ/प्रदेश सँग सह-लगानीका लागि रकम व्यवस्था गरिनेछ। साथै रणनीतिक सडक खण्डमा पर्ने महत्वपूर्ण पुलहरूको DPR गर्ने कार्य गरिनेछ। साथै आवश्यकता अनुसार झोलुङेगपुल निर्माणका लागि क्षेत्रीय कार्यालयसँग समन्वय गरिनेछ। रामलक्ष्मण ताल, वृजा ताल, वडा नं. १० को वडा कार्यालय देखि (एसियाको दोस्रो ठूलो रूख) बहडिलहवा थान सम्म जाने सडक कालोपत्रे गर्न स्रोतको खोजी गरिनेछ। नगरस्तरीय सडक गुरूयोजना तयार गरी सडक निर्माणको प्राथमिकीकरण, मापदण्ड तर्जुमा गरी वृहद छलफल पछि लागू गरिनेछ।

## सामाजिक विकास क्षेत्रः (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई र अन्य)

१९. **सुत्केरी पोषणः** सुत्केरी पोषण कार्यक्रम सञ्चालन गर्न खाका तयार गरी संस्थागत गरिनेछ। र नगरपालिकाबाट नियमित बजेट व्यवस्था समेत गरिनेछ।

२०. **असाध्य रोग सहायताः** असाध्य रोगमा भनि नेपाल सरकारले १ लाख प्रदान गर्ने खालका रोगीहरूको पोषण सहायता स्वरूप कार्यविधि निर्माण गरी सहयोग गर्न बजेट व्यवस्था गरिएको छ।

२१. **पालिका स्तरीय अस्पताल निर्माण:** यस नगरपालिका क्षेत्र भित्र सुविधा सम्पन्न प्राथामिक स्वास्थ्य केन्द्र नरहेको, कुनै हस्पिटल नरहेको, निजीस्तरमा सुविधा सम्पन्न नर्सिङ्ग होम, पोलिक्लिनिक उपलब्ध नभएको हुँदा पालिका स्तरीय अस्पताल निर्माणको DPR Final चरणमा भएकोले संघीय सरकारको नीति अनुरूप (साउन भरमा) सूचना प्रकाशन गरी कार्य अगाडी बढाउने छ ।

२२. **आँखा शिविर, रक्तदान शिविर, पूर्ण खोप दिगोपन, पाठेघर जाँच जस्ता कार्यक्रमहरूको निरन्तरताः** आँखा शिविर, रक्तदान शिविर, पूर्ण खोप दिगोपन, पाठेघर जाँच जस्ता कार्यक्रमहरूको निरन्तरता र प्रभावकारिता वृद्धि हुने गरी बजेट व्यवस्थापन गरिएको छ । साथै न.पा. मा १५/१५ दिनमा उपयुक्त स्थानमा आँखा जाँचको लागि छन्द(काले बाबु) आँखा अस्पतालसँग समझदारी गरिनेछ । उक्त अस्पताल सँग समझदारी गरी निःशुल्क वा आंशिक शुल्क लिई बुद्धभूमिबासीको आँखाको अपरेसन गर्ने प्रबन्ध मिलाईनेछ ।

२३. **बालमैत्री नगरको आधारशीला सम्बन्धमाः** बालमैत्री नगर बनाउनका लागि आधारशिला निर्माण गर्न आवश्यक वस्तुनिष्ठ baseline survey गैसस सँगको साझेदारीमा गरिनेछ । आगामी साथै आ.व. मा कुनै एक वडालाई **CFLG** घोषणा गर्न मिल्ने गरी बजेट व्यवस्था गरिनेछ । साथै बालश्रम मुक्त नगर बनाउन गैसससँग साझेदारी कार्यक्रम गरिनेछ ।

२४. **प्रकोप व्यवस्थापन कोषमा बजेट व्यवस्थाः** विपद् व्यवस्थापन योजना यसै आ.व. मा बनि सक्ने हुँदा उक्त योजनाले औल्याएका क्षेत्रहरू पूर्व सावधानी उद्धार तथा पूर्नस्थापनामा खर्च गर्ने गरी प्रकोप व्यवस्थापन कोषमा यथेष्ट बजेट व्यवस्था गरिएको छ । तथा विपद् सम्बोधनका लागि समेत नगरस्तरीय तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई सक्रियता बनाइने छ । वडा स्तरीय विपद् कर्नरलाई सशक्त बनाइनेछ ।

२५. **आयुर्वेद स्वास्थ्य प्रवर्द्धनः** आयुर्वेद स्वास्थ्यको इकाई उपयुक्त स्थानमा खोल्न सम्बन्धित निकायहरूमा पहलकदमी लिइने छ ।

२६. **आदिवासी /दलित तिर्थाटनः** जनजाति/ दलित ज्येष्ठ नागरिकहरूलाई तिर्थाटन (needy base) गराइनेछ । सोका लागि बजेट व्यवस्था गरिएको छ ।

२७. **छात्रवृत्ति सम्बन्धमाः** थारू/मधेसी/अन्य अत्यन्त न्यून आर्थिक अवस्था भएका छात्रा/ छात्रहरूलाई प्राविधिक शिक्षा तर्फ (PCL) स्तरको अध्ययनका लागि छात्रवृत्तिका लागि कार्यविधि अनुरूप प्रत्येक वडा बाट १ जना गरी १० जनालाई ३ वर्ष सम्म अध्ययन शुल्क छात्रवृत्ति दिइने कार्यक्रम शुरू भएकोमा निरन्तरता रहनेछ ।

२८. **एकल महिलाको हितः** एकल महिलाहरूको व्यावसयिकता प्रवर्द्धनका लागि तालिम, पूँजी सहयोग गर्ने खालका कार्यक्रमको लागि कार्यविधि निर्माण गरी सञ्चालन गरिने छ । वडा/नगरबाट प्रदान गर्ने । सुविधामा एकल घरमुली भएका घरमुलीलाई सुविधा र सेवामा प्राथमिकता दिइनेछ ।

२९. **बालविवाह मुक्त नगरको Follow-up कार्यक्रमः** बालविवाह मुक्त नगर घोषणा भई सकेकोले सो को निरन्तर अनुगमन, निगरानी तथा सचेतीकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. **"लैङगिक हिंसा विरूद्धको अभियान नगरपालिका":** सबै खालका लैङ्गिक हिंसाको अन्त्यको लागि शुन्य सहनशिलताको नीति अवलम्बन गर्न कार्यविधि तर्जुमा भैसकेको र अप्ठयारो अवस्थामा परेका महिला बालबालिकालाई आपतकालिन सहयोग गरिने व्यवस्था मिलाइनेछ । उपमेयरको संयोजक्तवमा सामाजिक विकास शाखा प्रमुख र गैससको प्रतिनिधि सम्मिलित **Quick action team** लाई प्रभावकारी बनाइनेछ र कोषमा नगरपालिका र अन्य साझेदारबाट रकम व्यवस्थापन गर्न आह्वान गरिनेछ ।

३१. **Carrier Counselling सहित मेयर/ उपमेयर/:** कक्षा ९/१० मा अध्ययरत बालबालिकाहरूको जिज्ञासा, चासोलाई अध्ययनको क्षेत्र यकिन गर्न अन्तरक्रियात्मक कार्यक्रम मेयर / उपमेयर सहित **carrier counselling** सबै मा.वि. मा सञ्चालन गरिनेछ ।

३२. **सुचक सहितको कार्यसम्पादन सम्झौताः** विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सुचक सहितको कार्यसम्पादन सम्झौता, वस्तुनिष्ट र व्यवहारिक बनाई प्रयोगमा ल्याइनेछ । साथै कार्यसम्पादन सम्झौता नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृतले शाखा/वडा सचिवहरू सँग गर्ने व्यवस्था मिलाइनेछ ।

३३. **मदरसा शिक्षाको मुल प्रवाहीकरणः** मदरसा शिक्षाको मुल प्रवाहीकरण सघाउ पुऱ्याउन मदरसाहरूको शैक्षिक तथा पूर्वाधार विकासमा जोड दिइनेछ ।

३४. **शिक्षण सिकाई अनुदानः** न्यून दरबन्दी भएका विद्यालयहरूमा शिक्षण सिकाई अनुदानको व्यवस्थालाई निरन्तरता दिन जरूरी देखिएकोले खाईपाई आएको सुविधामा थप वृद्धि गरी बजेट व्यवस्था गरिएको छ ।

३५. **नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप खेलकोको निरन्तरताः** युवाहरूलाई खेलप्रति अभिप्रेरणा जगाउन साथै आफ्नो प्रतिभालाई प्रर्दशन गर्ने अवसरको रूपमा लिनका लागि युवाहरूको मनोवल वृद्धिका लागि साथै नगरपालिकाको पहिचान कायम गर्न विगत देखि सञ्चालन गर्दै आइरहेको रनिङशिल्ड तथा मेयरकप, व्याडमिन्टन, डोरी तान, उसु खेलको निरन्तरता दिइने छ साथै खेल मैदान/कर्भडहल निर्माण र खेल सामाग्री सहयोग स्वरूप उपलब्ध गराइनेछ ।

३६. **खानेपानी तथा सरसफाईः** नगरपालिका क्षेत्रभित्र खानेपानी योजना विस्तार तथा दीर्घकालिन उपयोगलाई प्राथिमकता दिई संघीय सरकार/प्रदेश सरकारको सहयोग र समन्वयमा अधुरा खानेपानी योजनालाई सम्पन्न गरी सञ्चालनमा ल्याउने, पुरानो खानेपानी प्रणालीको पुनस्थपाना तथा मर्मत सम्भार गर्ने नयाँ योजनाहरूको **DPR** तयार गरी आन्तरिक तथा वाह्य सहयोग जुटाई नगरबासीलाई स्वच्छ खानेपानीको व्यवस्था मिलाइने छ । साना शहरी विकास कार्यक्रम अन्तर्गत गोरूसिगें खानेपानी आयोजनाको लागि बजेट व्यवस्थापन भएको हुँदा उक्त योजनामा उपभोक्ताबाट लगानी गर्नुपर्ने ५% रकम मध्ये ३% यस नगरपालिकाले व्यहोर्ने गरी सम्झौता भएकोले उक्त योजना निर्माण कार्य संचालन भए पश्चात रकम उपलब्ध गराउनु पर्ने हुँदा सो को स्रोत सुनिश्चितता गरिएको छ । फोहोरमैला व्यवस्थापनको लागि अस्थाई डम्पिङ साइडको थप व्यवस्थापन गरिनेछ, गोरूसिङगें चोक र हनुमानचोकमा रहेका सार्वजनिक शौचालय संचालनको जिम्मा समुदायमा दिइनेछ ।

३७. **पञ्जीकरण व्यवस्थापन सम्बन्धमाः** सामाजिक सुरक्षा लगायत पञ्जीकरणलाई सशक्त, प्रभावी बनाउन सामाजिक सुरक्षा दर्ता सुढृदीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३८. **"विपन्न बालबालिकाको साथ नगरपालिका":** गरिब/विपन्न बालबालिकाहरूको शैक्षिक र आधारभूत नैसर्गिक अधिकारको प्रवर्धनको लागि **Need base** को आधारमा पोशाक वितरण प्रवन्धलाई **"विपन्न बालबालिकाको साथ नगरपालिका"** भन्ने मान्यता अनुरूप विपन्न बालबालिकालाई पोशाक वितरणलाई थप प्रभावकारिताका साथ निरन्तरता दिइनेछ ।

३९. **विद्यालयहरूको संरचनागत/ व्यवहारगत/प्रविधिगत सुधारः** संघीय/प्रादेशिक सरकारबाट प्राप्त हुने संरचनागत/प्रविधिगत सुधारलाई सही कार्यान्वयन र उपयोगी बनाउन नगरको आफ्नै बजेटबाट पनि संरचनागत/व्यवहारगत/प्रविधिगत सुधारको प्रवन्ध मिलाइनेछ । आधारभूत तहका विद्यालयहरूमा हालसम्म पनि एक थान कम्प्यूटर एक थान प्रिन्टर छैन त्यस्ता विद्यालयहरूलाई Record keeping, Reporting प्रयोजनका लागि १ वटा कम्प्यूटर १ वटा प्रिन्टर उपलब्ध गराइनेछ । साथै विद्यालयहरूको अत्यावश्यक रूपमा गर्नुपर्ने मर्मत कार्य जस्तो

खानेपानी मर्मत, छाना मर्मत, डेस्क बेन्च मर्मत, वाउण्डरी वाल मर्मत, विद्यालय परिसरमा गर्नै पर्ने मर्मत, भवनको अत्यावश्यक मर्मतका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

४०. **सडक तथा असहाय बालबालिकाको संरक्षकत्व/अभिभावकत्व सम्बन्धमाः** सडक तथा असहाय बालबालिकाको संरक्षकत्व/अभिभावकत्वका लागि सम्बन्धित सरोकारवाला संस्था संग समन्वय सहकार्य गरिनेछ। बालश्रम मुक्त नगर बनाउन गैससँग हातेमालो गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

४१. **शिक्षामा फरक क्षमताका व्यक्ति पहुँच स्थापितः** फरक क्षमता भई स्नातक तहमा अध्ययनरत (पूर्ण अपाङ तथा अति अशक्त वर्गका) विद्यार्थीलाई पढाई सहजीकरणका लागि ५५ देखि ६० हजार सम्मको ल्यापटप खरिदमा ४०% नगरपालिकाबाट सहयोग गर्ने नीति लिइनेछ। सोको लागि बजेट व्यवस्था गरेको छु।

४२. **भर्नादर तथा छोड्ने दरमा सुधार गर्न अभियान सञ्चालनः** विद्यार्थी भर्नादरलाई ९०% भन्दा माथि तथा छोडनेदर गत वर्षको तुलनामा ५०% भन्दा कम गर्न अभियानत्मक कार्य सञ्चालन गरिनेछ।

४३. **स्वास्थ्य संस्थाहरूलाई प्राविधिमैत्री बनाउनेः** स्वास्थ्य संस्थाहरूलाई अभिलेखीकरण, प्रतिवेदन र अन्य कार्यहरू व्यवस्थित बनाउन प्रविधि/**Reporting** प्रणालीमा सुधार/अत्यावश्यक मर्मत तथा उपकरणहरू व्यवस्थापन क्रमशः गरिनेछ।

४४. **निर्मित संरचनाहरूको गुणस्तरीयता परीक्षणः** गुणस्तरीयता परीक्षणका लागि सानो खालको आफ्नै ल्याब स्थापना गरिनेछ।

४५. **भूमिहिन सुकुम्बासी, अव्यवस्थित सुकुम्बासी सम्बन्धमाः** भूमिहिन सुकुम्बासी, अव्यवस्थिति बसोबासी सम्बन्धी कार्यको नगरपालिकाले गर्नुपर्ने बाँकी काम शिघ्र पुरा गरिनेछ।

## आर्थिक विकास क्षेत्रः (कृषि, पशु सेवा, उद्योग, वाणिज्य, सहकारी, पर्यटन र अन्य)

४६. **उत्पादनमा आधारित अनुदानको शुरूवातः** अनुदानलाई वस्तुनिष्ट बनाउन माछा/खसीबोका मध्ये कुनै एक तथा तरकारी/फलफुल मध्ये कुनै एकमा उत्पादनमा आधारित अनुदान कार्यक्रमको कार्यविधि निर्माण भएकोमा यस आ.ब. मा नमूनाको रूपमा शुरू गरिनेछ।

४७. **"नयाँ उद्यमी वन्न चाहनेलाई व्यवसाय शुरूवात सहयोग":** पसल सञ्चालन वा व्यवसाय सञ्चालन गर्न चाहने क्षेत्र तोकी (जस्तै बेकरी, ब्लक, जुत्ता बनाउने, टपरी उद्योगका लागि कार्यविधि निर्माण गरी व्यवसाय सञ्चालन सहजीकरण सहयोगका (बढीमा ५० हजारमा नबढने गरी) लागि प्रतिवडा १ जना हुने गरी सहयोग कार्यक्रम शुरू गरिनेछ।

४८. **कोसेली घरः** बरकलपुरमा रहेको रैथाने प्रविधि र रैथाने कच्चा पदार्थको उपयोगद्वारा निर्मित ढकिया लगायत हस्त निर्मित सामाग्रीको बजारीकरणका लागि बिक्री कक्ष थप व्यवस्थित बनाइनेछ। उपयुक्त स्थानमा रैथाने वस्तुहरूको बिक्री प्रबन्ध हुनेगरी सहकारी सँग MOU गरिनेछ। हाटबजारको आधुनिकीकरण गरिनेछ।

४९. **तालहरूको संरक्षण र सौन्दर्यीकरणः** बुडढी तालमा **DPR** अनुरूपका संरचनाहरू निर्माण गरी पर्यटकीय उपजका रूपमा विकास गरिनेछ। बुद्धवाटिका, हरिहरपुर ताल, रामलक्ष्मण तालको **DPR** तयार गरिनेछ।

५०. **कृषिको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरणः** कृषि पेशालाई व्यवसायिक बनाउन कृषि यन्त्रहरू (मिनी ट्रिलर, कर्नसेलर, चापकट्टर Wheelbarrow लगायतका ) मा ५०% अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइएको छ।

५१. **फलफूलका विरूवा वितरणः** नगरपालिका क्षेत्रभित्र फलफूल खेती विस्तारका लागि आँप/लिची/कागती खेती गर्न इच्छुक कृषकहरूलाई अनुदानमा फलफुल विरूवा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ।

५२. **सिचाईका लागि विद्युतीय मोटर तथा पम्पिङ्गसेटमा अनुदानः** ताल/तलैया /घोला/खोला तथा बोरिङ्गबाट सिचाईका लागि विद्युतीय मोटर तथा पम्पिङ्गसेटमा अनुदान उपलब्ध गराउन बजेटको व्यवस्था गरिएको छ।

५३. **कृत्रिम गर्भाधानः** पशुजन्य उत्पादन वृद्धि गर्न गाई भैसी तथा बाख्रामा कृत्रिम गर्भाधान कार्यक्रमलाई अझ बढी जोडका साथ निरन्तरता दिइनेछ।

५४. **व्यवसायिक पशु फार्म व्यवस्थापन प्रोत्साहनः** व्यवसायिक पशु फार्म व्यवस्थापनका लागि प्रोत्साहन अनुदान उपलब्ध गराउन बजेटको व्यवस्था गरिएको छ। साथै सम्बन्धित फर्म सम्म पुग्न सडक पहुँच सुधार गरिनेछ।

५५. **सहकारीहरूको प्रोफाइल तथा साझेदारीता सम्बन्धमाः** नगरपालिका भित्रका सहकारीहरूको प्रोफाइल तयार गर्ने उत्कृष्ट कार्य गर्ने सहकारीहरूलाई प्रोत्साहन गर्ने, शिक्षा तथा स्वास्थ्य क्षेत्र समेतमा लगानी गर्न उत्पेरित गर्ने, औचित्यका आधारमा मर्जरमा जान प्रोत्साहन गर्ने तथा व्यवसायिकता प्रवर्दधनका लागि नगरपालिका सँग साझेदारी गर्ने गरी बजेट व्यवस्था गरिनेछ।

५६. **बजार अनुगमन सम्बन्धमाः** नगरपालिकाको बजार अनुगमन कार्यविधिको समय सापेक्ष संशोधन गरी बजार अनुगमन शुरू भएकोमा बजारको शुद्धिकरण अभियान निरन्तरता रहनेछ।

५७. **बैदेशिक रोजगारीबाट फर्किएका युवाको अभिलेखीकरण तथा उद्यमशीलता प्रवर्द्धनः** बैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई स्वरोजगार, आत्मनिर्भर तथा उद्यमशील बनाउन सीप विकास, पूँजी परिचालन तथा Exposer का कार्यक्रमहरू निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

५८. **"मेरो लगानी, मेरो नगर सुधार":** नगरका पूर्वाधार निर्माणमा गुणस्तरीयता अभिवृद्धि, अपनत्व सिर्जना गर्न ५०/५०, ६०/४०, ७०/३० का कार्यक्रमहरू प्रतिस्पर्धाद्वारा सञ्चालन गर्न बजेटको व्यवस्थाको निरन्तरता रहनेछ।

५९. **शैक्षिक रणनीति अध्यावधिकद्वारा गुणस्तर सुधारः** विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न पाँच वर्षे शैक्षिक रणनीति अध्यावधिक गरिनेछ।

६०. **बालविकास केन्द्रको आधुनिकीकरण तथा गुणस्तर अभिवृद्धिः** बालविकास केन्द्रलाई बालमैत्री, उपयोगी र साधन स्रोत सम्पन्न बनाउन नगरपालिकाको बजेटमार्फत सम्बोधन गरिनेछ।

६१. **ऐतिहासिक, सांस्कृतिक, धार्मिक तथा पराम्परागत प्रचलनहरूको संरक्षण, प्रवर्द्धन र बजारीकरणः** यस नगरपालिका क्षेत्रभित्रका ऐतिहासिक, सांस्कृतिक, धार्मिक स्थलहरूको संरक्षण, उपयोग तथा बजारीकरणका अलावा पराम्परागत प्रचलनहरूको संरक्षण, प्रवर्दधन तथा बजारीकरणका साथै थारू संस्कृतिको संरक्षण तथा बजारीकरणको ठोस कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ। धार्मिक, सांस्कृतिक स्थलको जानकारी दिने सूचना बोर्ड ठाउँ ठाउँमा राख्ने व्यवस्था मिलाइने छ।

६२. **अन्तराष्ट्रिय सहयोग, सहकार्य, समन्वय र सम्बन्ध विस्तार सम्बन्धमाः** पालिकाको समग्र विकासलाई केन्द्रमा राखी राष्ट्रिय /अन्तराष्ट्रिय स्तरमा पालिकाहरू सँग भगिनी सम्बन्ध र सहकारी, गैरसरकारी संघ संस्था बीच संस्थागत सम्बन्ध विस्तार गर्ने कार्यको निरन्तरता रहनेछ।

६३. **तरकारी तथा उत्पादनको विशिष्टिकरण सम्बन्धमाः**

  a. एक घर एक करेसाबारी तथा एक गाउँ एक उत्पादनमा जोड दिइनेछ। सोका लागि संघ, प्रदेश तथा अन्य संघ संस्था सँग पनि तालिम, पुँजी परिचालनमा परिचालन सहकार्य गरिनेछ।

६४. **योजनामा श्रम प्रधानता सम्बन्धमाः** विषम अवस्थालाई मध्ये नजर गरी स्थानीय श्रोत, साधन, ज्ञान र श्रम उपयोग हुने गरी योजना सञ्चालनमा श्रम प्रधानतालाई जोड दिनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी, उपयोगी र जनताको अधिकतम हित हुने प्रकृतिका योजना उपयोग गरिनेछ। साथै मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमलाई सामाजिक क्षेत्र र वञ्जितीकरणमा परेका वर्ग/क्षेत्रमा उपयोग गरिनेछ।

६५. **आन्तरिक आय हिस्सामा बढोतरीः** कुल बार्षिक बजेटमा आन्तरिक आयको हिस्सा २०% भन्दा बढी हुने गरी करका दिगो स्रोतहरू घरवहाल कर, तालहरूको ठेक्का व्यवस्थापन, माटो निकासीमा कर लगाइने छ।

६६. **कुमाल तथा वादी समुदायको सवलीकरणः** स-सना समूह र वस्तीका रूपमा रहेका कुमाल र वादी समुदायका हितमा सघन कार्यक्रम सञ्चालन गरिनेछ।

६७. **औद्योगिक ग्रामः** औद्योगिक ग्राम स्थापनका लागि अध्ययन गरिनेछ।

६८. **सहकारी संस्थाहरूको व्यवस्थापनः** सहकारी संस्थाका पदाधिकारी तथा व्यवस्थापकहरूलाई तालिम COPOMIS प्रणाली सञ्चालनमा अभिप्रेरित गरिनुका अलावा साझेदारीता गरिनेछ ।

६९. **"टोल टोलमा कर तथा व्यवसाय दर्ता अभियान":** यस पालिका भित्र दर्ता नगरी सञ्चालनमा रहेका, नवीकरण तथा अध्यावधिक नगरेका व्यवसायीहरूलाई दर्ता/नवीकरणका लागि प्रोत्साहित गर्न सचेतना मुलक कार्यक्रम सञ्चालन गरिने छ । साथै व्यवसायिक उत्तरदायित्वको अभ्यासको शुरूवात गर्न व्यवसायिक संघ/संस्थाहरूको योगदान रहने तथा नगरपालिकाबाट समेत साझेदारीता रहने गरी साझेदारी कोष स्थापनाका सम्बन्धमा अध्ययन र परिचालनको विधि निर्माण गरिनेछ । यसरी संकलित रकम अनाथ बालबालिका, बालश्रम उन्मुलन, वृक्षारोपरण, हरियाली प्रवर्द्धन, वाटिका निर्माणमा प्रयोग गर्न सकिनेछ ।

## वन, वातावरण, उर्जा तथा विपद् व्यवस्थापन क्षेत्रः

७०. **सामुदायिक वनको आय उपयोगः** कानूनको सिमाभित्र रही सामुदायिक वनको आम्दानी नगरपालिकाको कोषमा जम्मा गर्न सहजीकरण र उत्साहित गरिनेछ । त्यसरी जम्मा हुने रकमको २०% वृक्षारोपण, संरक्षण, वनजन्य उत्पादनहरूको बजारीकरणमा उपयोग गरिनेछ ।

७१. **वारूणयन्त्र सञ्चालन/व्यवस्थापन सम्बन्धमाः** कपिलवस्तु/शिवराज नगरपालिका दुवैसँग आवश्यकता अनुरूप साझेदारीतामा सञ्चालन गर्न विधि यकिन गरी सम्झौता गरिनेछ सो प्रयोजनका लागि प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्ने व्यवस्था मिलाइने छ ।

७२. **आकस्मिक कोषः** पशुपन्छी तथा खेतीमा हुने महामारी रोकथामका लागि आकस्मिक कोषको व्यवस्था गरी सोका लागि बजेट व्यवस्था गरिनेछ । पशुजन्य उत्पादनहरूको बजारीकरणमा ठोस कार्यक्रम शुरूवात गरिनेछ ।

७३. **बजार क्षेत्रको सौन्दर्यीकरणः** बजार क्षेत्रको सौन्दर्यीकरणका लागि पूर्व - पश्चिम राजमार्ग लगायत मुख्य सडकहरूको आसपासमा वृक्षारोपणका लागि बजेट व्यवस्था गरिनेछ । साथै ढल निकास प्रबन्धका लागि साझेदारीता गरिनेछ ।

७४. **पोखरी, ताल/तलाउहरूको संरक्षण र सौन्दर्यीकरण मार्फत आन्तरिक पर्यटन प्रवर्द्धनः** सार्वजनिक पोखरी, तलाउहरूको संरक्षण र सौन्दर्यीकरण मार्फत आन्तरिक पर्यटन प्रर्वद्धन गर्न नीतिगत तथा कार्यक्रमिक व्यवस्था गरिनेछ । तालहरूको सौन्दर्यीकरण गर्दै आय बढाउन पनि कार्यदलको सिफारिस अनुरूप ठेक्का व्यवस्थापन मिलाइनेछ ।

७५. NGO/INGO **को सहयोग सहकार्य सम्बन्धमाः** NGO/INGO को सहयोग र साझेदारीतामा निर्माणमा सामाजिक क्षेत्रका कार्यक्रमहरू सञ्चालन गरिनेछ । गैसस सँग लागत साझेदारीतामा सामाजिक, आर्थिक, पूर्वाधारजन्य कार्यमा सहकार्यको प्रयास गरिनेछ ।

७६. **आकस्मिक सहायताः** नगरबासीलाई (आगलागी, बाढी, डुवान) को अवस्थामा राहतका लागि कार्यविधि निमार्ण गरी सहयोग गर्न बजेट व्यवस्था गरिएको छ । कोभिडका कारणले मृत्यु भएमा र अति न्यून आर्थिक अवस्था भएको सिफारिस भई आएमा २० हजार सहयोगको निरन्तरता रहनेछ ।

७७. **स्रोतको महतम् उपयोग सम्बन्धमाः** प्राकृतिक स्रोतहरूको उचित संरक्षण सहित परिचालनका लागि राजश्व नीति अनुकुलित बनाउने प्रयोजनका लागि दीर्घकालिन राजश्व नीति निर्माण गरिनेछ । नदीजन्य स्रोतको महतम् उपयोगलाई जोड दिइनेछ । नदीजन्य वस्तु निकासी हुने स्थानका क्षेत्रहरूमा सिचाई खानेपानी, सडक मर्मत, धर्मिक स्थलहरूको मर्मत तटबन्ध, वृक्षारोपण गर्न नदी /खोलाको ५००/५०० मिटर (वल्लो/पल्लो किनाराबाट) क्षेत्रमा खर्च गर्ने गरी १०% बजेट आ.ब. २०७८।०७९ को बजेट सिलिङ तथा मार्ग दर्शनमा नै समाहित गरी बजेट सिलिङ वडाहरूलाई पठाउने कार्य शुरूवात भई सकेको छ ।

७८. **विपद् प्रतिकार्य कर्नरः** आगलागी, बाढी, पहिरो, डुवानको अवस्थामा उद्धार कार्य सञ्चालन गर्ने न्यूनतम आवश्यक सामाग्री (जस्तैः भरयाङ्ग, सावेल, डोरी, हेक्सा, गैटी, बाल्टिन, लाइफ ज्याकेट लगायत) का सामाग्रीहरू वडा कार्यालय र प्रहरी कार्यालयमा स्थापना गरिएको तथा विपद् प्रतिकार्य सामाग्री सहितको वडास्तरीय विपद् प्रतिकार्य कर्नरलाई व्यवस्थित बनाईने छ । गोरूसिगेंमा रहेको सर्पदंश उपचार केन्द्रलाई सरोकारवाला नगरपालिका सँगको सहकार्यमा थप व्यवस्थित प्रभावकारी बनाइनेछ ।

७९. **वृक्षारोपणद्वारा हरियाली प्रवर्धन कार्यक्रमः** डिभिजन वन कार्यालय, सब डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ताहरूसँग सहकार्य गरी खाली तथा प्रर्तिजग्गाहरूमा संरक्षण सहितको वृक्षारोपण तथा जडीबुटी रोपणद्वारा हरियाली प्रवर्द्धन तथा आय आर्जनमा सहयोग पुग्ने गरी कार्यक्रमद्वारा सम्बोधन गरिनेछ ।

८०. **इमिलिया, गोरूसिगें, पत्थरकोट लगायतका बजारक्षेत्रको फोहोर व्यवस्थापनः** रूपमा निस्कने फोहोर न्यूनीकरणका लागि कम्पोष्टविन, कौशी खेतीलाई प्रवर्द्धन गरिनेछ । फोहोरको वर्गीकरण गरी कुहिने, नकुहिने र सिसाजन्य फोहोर फरक फरक दिनमा उठाउने प्रबन्ध मिलाइनेछ ।

८१. **सुधारिएको चुल्हो, सोलारवत्ती, बायोग्यास प्रवर्द्धनः** गरिब तथा सुकुम्बासी, कुमाल/वादीमा सुधारिएको चुल्हो वितरण, सोलार वत्ती, वायोग्यास प्रवर्द्धन तथा गोबर ग्यास निर्माणमा सहयोग/समन्वय र अनुदानका कार्यक्रमहरू सञ्चालन गरिनेछ । साथै उपयुक्त स्थान तथा चोक, धार्मिक स्थल, विद्यालय, कार्यालयहरूमा सोलार बत्ती जडान गरिनेछ ।

८२. **तटबन्ध तथा क्षयीकरण रोक्नेः** खोला/खोल्सा तथा उत्पादनशील जमिनहरूको क्षयीकरण रोक्न वृक्षारोपणका अलावा तटबन्ध निर्माणका सहयोग, समन्वय, सहकार्य गरिनेछ ।

## सार्वजनिक सेवा तथा क्षमता विकास क्षेत्रः

८३. **स्वास्थ्य इकाई तथा सामुदायिक भवनहरूमा उज्यालो कार्यक्रमः** स्वास्थ्य इकाई तथा सामुदायिक भवनहरूमा सेवाको निर्वाध सञ्चालनका लागि सौर्य उर्जा लगायतको बैकल्पिक उपायहरूको अवलम्बन गरिनेछ । त्यस्ता संस्थाहरूको मर्मत, वाखेरा, मेडिकल उपकरण व्यवस्थापन गर्ने प्रबन्ध मिलाइनेछ ।

८४. **वस्तुनिष्ठ नागरिक वडापत्रः** नगर तथा वडाको वस्तुनिष्ठ नागरिक वडापत्र तयार भएको सबै वडाहरूमा वस्तुनिष्ठ नागरिक वडापत्र राखिने छ । सबै औपचारिक/अनौपचारिक कार्यक्रमहरूमा पालिकाद्वारा प्रकाशित डायरी/Informative कपी प्रयोग गरिनेछ । साथै हरेक नयाँ वर्षमा नगर प्रमुखबाट हस्ताक्षर भएको शुभकामना पत्र साथै नगरका गतिविधि, कार्यक्रम सहितको क्यालेण्डर छपाई गरी घरघरमा पुर्‍याईने छ ।

८५. **Digital Profile निर्माणः** घरपरिवारको वस्तुनिष्ठ जानकारी तथा नापी नक्सा श्रोत पहिचान सहितको विद्युतीय विवरण Digital Profile निर्माण गरिनेछ ।

८६. **नगर/ वडा कार्यालयको सहज सेवा प्रवाहः** नगरपालिका कार्यालयमा टेलिफोन, Delicated Net जडान तथा बाँकी वडाहरूमा राम्रो खालको नेट व्यवस्थापन गर्ने प्रबन्ध मिलाइनेछ ।

८७. **तालिम तथा क्षमता विकासः** जनप्रतिनिधि/ कर्मचारीहरूका लागि क्षमता विकास सम्बन्धि तालिम सञ्चालन गरिनेछ ।

क) उपयुक्त नगरपालिका (स्वदेशी/विदेशी) सँग भगिनी सम्बन्ध स्थापना गरिनेछ ।

ख) प्रविधिगत/ कानूनी /व्यवहारगत ज्ञान निर्माण गर्ने जनप्रतिनिधिको लागि उपयोगी तालिम सञ्चालन गर्ने गराइनेछ ।

ग) जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि आवश्यकता अनुसार डाईभिङ तालिम सञ्चालन गरिनेछ ।

घ) मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिनेछ ।

८८. **सूचनाको हक र कार्यालय सौन्दर्यीकरणः**

क) विशिष्ट खालको सूचनाको हक सम्बन्धी तालिम (जनप्रतिनिधी / कर्मचारीलाई) सञ्चालन गरिनेछ ।

ख) वडा कार्यालयहरूको पनि सूचना अधिकारी तोक्ने व्यवस्था मिलाइनेछ ।

ग) वडा कार्यालयहरूको स्थानीय ज्ञान, सीप, स्रोत तथा स्थानीयता झल्किने गरी सौन्दर्यीकरणका कार्यक्रम सञ्चालन गर्न वडालाई प्रोत्साहन गर्ने गरी सेड, सौन्दर्यीकरण, सेवा सरलीकरण, कर अभिवृद्धिको सचेतनामा खर्च गर्ने गरी वडाबाट उठेको राजश्वको ४ वडाहरूमा १०% वडामा नै प्रोत्साहन स्वरूप पठाउने व्यवस्था मिलाइनेछ ।

८९. **नगर प्रहरी व्यवस्थापन र परिचालनः** राजश्व संकलनमा वृद्धि, अव्यवस्थित घर टहरा निर्माण साथै पसल, कवल सञ्चालन पार्किङ्ग व्यवस्थापन, फोहारमैला व्यस्थापन, नगरवासीलाई अनुशासित र विधि अनुकुलित बनाउन यसै वर्षदेखि नगर प्रहरीको व्यवस्था र परिचालन गराइनेछ ।

९०. **वडा कार्यालयको Layout सेवा प्रवाह र सौन्दर्यीकरण र प्रविधिमैत्री बनाउने सम्बन्धीः** सेवा प्रवाह गर्ने Unit भएकाले वडा कार्यालयलाई प्रविधिमैत्री, उपयोगी र सम्भव भए सम्म सौन्दर्यीकरण गरिनेछ ।

९१. **लागत साझेदारीमा भ्रमण / अनुभव आदान प्रदानः** जनप्रतिनिधि/ कर्मचारीका लागि अनुभव आदान प्रदान भ्रमण/अवलोकन गर्दा स्थानीय तहसँगको अन्तर संवाद/ ज्ञान, क्षमतामा बढोतरीका लागि ७०:३० मा भ्रमण/अनुभव आदानप्रदानको कार्यक्रम सञ्चालन गरिनेछ ।

९२. **सामाजिक सुरक्षा भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता सहज र छिटो रूपमा प्राप्त गर्ने वातावरण निर्माणका लागि एउटा बैंकलाई बढीमा २ वटा वडा सम्मको भत्ता वितरण गर्ने र पायक पर्ने बैंकहरू मार्फत वितरण गर्ने प्रबन्धका लागि बाणिज्य तथा विकास बैंक सँग समझदारी भै सकेकोमा बाल पोषण भत्ता, सुरक्षित आवास लगायतका कार्यहरू समेत सोही बैंकहरूमा खाता खोल्न सबैलाई प्रोत्साहन गरिनेछ ।

९३. **सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक लेखा परीक्षणः** पालिकास्तरमा कम्तीमा ४ वटा सार्वजनिक सुनुवाई र वडा तहमा समेत सुनुवाई, सार्वजनिक परिक्षण तथा सार्वजनिक लेखा परीक्षण कार्यलाई निरन्तरता दिइनेछ ।

९४. **सिफारिस एकरुपता सम्बन्धी अभिमुखीकरण**: नगर तथा वडा कार्यालयबाट प्रवाह गरिने विभिन्न खालका सिफारिसहरुमा एकरुपता ल्याउन विषयगत विशेषज्ञबाट अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

९५. **"सार्वजनिक परीक्षणलाई संस्थागत गर्नेः"** आमरूपमा प्रचलित व्यानर सहित '**हामी भ्रष्टाचार हुन दिन्नौं**' भनि लेखिएको व्यानर सहित सार्वजनिक परीक्षणको प्रचलनलाई वडा, नगर तहमा संस्थागत गर्ने प्रवन्ध मिलाइनेछ ।

९६. **विगतका बर्षको सफल नीतिगत प्रबन्धको निरन्तरता सम्बन्धमाः** यस नगरपालिकामा विगत वर्षहरूमा सफल र मानक रूपमा स्थापित भई कार्यान्वयनमा भएका सबै खालका नीतिगत प्रबन्धहरूलाई यथासम्भव कायम गरी निरन्तरता दिइनेछ । थुप्रै कार्यविधि, निर्देशिका, मापदण्ड र कानूनहरू निर्माण भई कार्यान्वयन भई रहेकोमा ती कानूनहरूको पनि समय सपेक्षा पुनरावलोकन गर्ने थप कानून/मापदण्डहरू निर्माणलाई पनि निरन्तरता दिइनेछ ।

९७. **"राम्रा काम /सफल अभ्यासहरूको Visualization"**: सफल र अनुकरणीय कामहरूको Visualization **गर्ने**, प्रचार प्रशासर गर्ने, बुद्धभूमि मुखपत्र (अर्धवार्षिक) प्रकाशन गरिनेछ ।

९८. **"सुशासनका लागि आन्तरिक नियन्त्रण प्रणालीको स्थापना":** आन्तरिक नियन्त्रण प्रणाली कार्यालय(वडा समेत) को खर्च/व्यवस्थापन सेवाको चुस्तता/प्रभावकारिता र सेवाग्राही मैत्री सेवा प्रवाहका लागि आन्तरिक नियन्त्रण प्रणाली स्थापना र कार्यान्वयन गरिनेछ ।

९९. **"अबको गन्तव्य दिगो विकासका लक्ष्यहरूको स्थानियकरण":** दिगो विकासका लक्ष्यहरूको स्थानियकरण कार्यदल निर्माण गरी आवश्यकता अनुसार विज्ञको सल्लाह/सहयोग लिई दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण यस आ.व.मा गरिने र कार्यान्वयनमा लगिने छ ।

१००. **बजेट कार्यान्वयन समिक्षाः** आ.व. २०७७।७८ को बजेट कार्यान्वयनको समिक्षा २०७८ भाद्र महिना भित्र राजनीतिक दल, नागरिक समाज र मिडियाको रोहवारमा गरिनेछ।

१०१. **पूँजीगत खर्चमा बढोत्तरीः** पूँजीगत खर्च बढोत्तरी गर्न संस्थागत प्रबन्ध मिलाउने, कर्मचारीको क्षमता अभिवृद्धि गर्ने तथा जनप्रतिनिधिबाट सोही अनुरूपको वातावरण निर्माण गरी पूँजीगत बजेटको ८०% भन्दा बढी खृच हुने वातावरण निर्माण गरिनेछ।

१०२. **सेवा सन्तुष्टिको मापनः** नगर तथा वडाबाट प्रवाह हुने सेवाबाट नागरिकमा सन्तुष्टिको स्तर कस्तो छ भनी स्वतन्त्र मापन गर्ने प्रबन्ध र बजेट व्यवस्था गरिनेछ।

१०३. **सशक्तीकरणका लागि उपभोक्ता समितिको नेतृत्वमा महिला/दलित/अपाङ्गताः** महिला/दलित/अपाङ्गता भएका व्यक्ति संयोजक/अध्यक्ष भएका समिति गठन गर्न अभिप्रेरित गर्ने उद्देश्यका साथ त्यस्ता समितिको संयोजक/अध्यक्ष तोकिएका वर्गको भए जनसहभागिताको अंश ८% भए पनि हुने छ। यसरी त्यस्ता समितिहरूमा तोकिएको वर्गको हिस्सा ३०% सम्म पुऱ्याउने लक्ष्य लिइएको छ।

१०४. **GESI Adit:** GESI Audit का लागि जनप्रतिनिधिमा बुझाई र कर्मचारीमा क्षमता विकास गरिनेछ।

१०५. **सशक्तिकरण विकासको लागि टोल विकास संस्थाको उन्नयनः** टोल विकास संस्थाहरूलाई service delivery unit का रूपमा विकासात्मक/सुधारात्मक कार्यहरूमा परिचालन गर्न सूचीकरण अनिवार्य गर्ने तथा क्षमता विकास र मुल प्रवाहीकरण गरिनेछ।

१०६. **सेवा प्रवाहको मापदण्ड निर्माणः** कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।

१०७. **घरदैलो सेवाका लागि घुम्ती शिविर कार्यक्रमः** सेवा प्रवाहलाई सहज र घरदैलोमा पुऱ्याउने प्रयोजनका लागि पिछडिएको वस्ती/क्षेत्र/वडा वा अनुकुलता हेरी सबै वडामा हुने गरी एकीकृत घुम्ती सेवा (खोप, भिटामिन ए वितरण, स्वास्थ्य शिविर, कृषि/पशु सम्बन्धी, घटना दर्ता, कर सचेतना, व्यवसाय दर्ता/नवीकरण) सहित वा उपयुक्त कुनै दुई वा सो भन्दा बढी कार्यहरू सहितको घुम्ती शिविर सञ्चालन गरिनेछ सो प्रयोजनका लागि बजेट व्यवस्था गरिनेछ।

१०८. **कार्यसम्पादन सूचक तथा स्व.मूल्यांकन प्रणाली सम्बनधमाः** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले वित्तीय समानिकरण अनुदान सिफारिस दिदा स्थानीय सरकारको कार्यसम्पादन मुल्याकंनका १७ वटा सुचकहरूले औल्याएका शिक्षा, स्वास्थ्य, समयावधि भित्र गर्नुपर्ने सभा, समिक्षा लगायतका कार्यहरू गरी कार्य समपादनमा आधारित अनुदान बढाउन हर प्रयत्न गरिनेछ। तथा स्थानीय सरकारको स्व.मूल्यांकन प्रणालीका लागि निदिष्ट सूचकहरूमा कार्य गरी उच्चतम् अंक प्राप्त गर्न सबै शाखा/उपशाखा/ईकाई/कार्यपालिकालाई अभिप्रेरित गरिनेछ।

१०९. **न्यायिक समिति, न्यायिक कार्य तथा मेलमिलाप कर्ता र केन्द्रः** न्यायिक समितिको प्रभावकारिता/व्यवस्थित गर्नका लागि व्यवस्थापकीय प्रबन्ध, Exposure visit तथा मेलमिलापकर्ताका लागि refresh तालिम र मेलमिलाप केन्द्रहरूको संस्थागत आकार प्रदान गरिने छ र पालिका स्तरको न्यायिक सम्पादन कार्यलाई कुशलता पुर्वक रूपमा रूपमा सम्पादन गर्ने प्रणालीको स्थापना गरिनेछ।

११०. **विकास पत्रकारिता तथा समाचारमा नगरपालिकाको प्रधानताका लागि पत्रकार सम्मानः**
विकासात्मक गतिविधि, समाचार सम्प्रेषण लगायतका क्षेत्रमा वृद्धभूमिको नाम उच्चो बनाउने, चिनाउने प्रयोजनका लागि वर्षभरी मिडियाबाट आएका वा अनलाईन मिडिया/रेडियोबाट आएका समाचारहरूलाई आधार मानेर पुरस्कृत गर्ने प्रयोजनका लागि बुद्धभूमि विकास पत्रकारिता पुरस्कार २० हजार राशी तथा वुद्धभूमि गतिविधिलाई बढी भन्दा बढी सम्प्रेषण गरेको १ समेत २ वटा क्षेत्र तथा आधारमा २ जना पत्रकारलाई सम्मान गर्न नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र पत्रकार महासंघ जिल्ला कार्यसमितिले तोकेको एक जना पदाधिकारी सहित ३ सदस्यीय समितिले छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ।

१११. **"बर्ष कर्मचारी" को सम्मानः** कार्यालयको साख उच्च राख्न निष्ठापूर्वक काम गर्ने प्राविधिकहरू मध्येबाट १ जना, वडा सचिवहरू मध्येबाट १ जना, कार्यालय सहयोगीहरू मध्येबाट १ जना, अधिकृतस्तर मध्येबाट १ जना, Non-officer मध्येबाट १ जना गरी ५ जनालाई १५/१५ हजार राशीको पुरस्कारबाट "वर्ष कर्मचारी" को रूपमा सम्मान गरिनेछ। छनौटका लागि नगर प्रमुखको संयोजकत्वमा, प्रमुख प्रशासकीय अधिकृत, प्रशासन शाखा प्रमुख रहने गरी ३ सदस्यीय समिति रहनेछ। साथै बुद्धभूमि नगरपालिकामा कार्यरत

कर्मचारीहरूको छाता संस्थाको रूपमा गठित कर्मचारी मिलन केन्द्रलाई रचनात्मक कार्यमा प्रयोग गर्ने गरी बार्षिक बजेटबाट सम्बोधन गर्ने पारिपाटी मिलाइने छ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट आर्थिक, सामाजिक, भौतिक क्षेत्रमा थप गतिशील हुनेछ, **'खुसी नगरवासी, समृद्ध बुद्धभूमि'** को आकाङक्षा पुरा गर्न योगदान पुग्नेछ।

यी नीति तथा कार्यक्रमको कार्यान्वयनमा नगर कार्यपालिकालाई सबैबाट सक्रिय सहयोग हुने विश्वास व्यक्त गर्दछु। अन्त्यमा नगरको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आम सञ्चार जगत लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। नगरको विकासमा सहयोग पुऱ्याउने नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारी संघसंस्थाहरू प्रति आभार व्यक्त गर्दछु।

**धन्यवाद !**